# हिमा गाउँपालिका
Hima Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
कालिकाखेतु, जुम्ला ।
Kalika khetu, Jumla
ito.himamun@gmail.com
info@himamun.gov.np
Karnali Province, Nepal


पत्र संख्याः २०८२/०८३ | च.नं 39 | मितिः २०८२/०४/१४

**विषयः करार सेवा सम्झौता सम्वन्धमा ।**

श्री वडा कार्यालय सबै,
श्री सामुदायिक विद्यालय सबै,
श्री स्वास्थ्य संस्था सबै,
श्री हिमा आवाशिय विद्यालय,
हिमा गाँउपालिका, जुम्ला ।

प्रस्तुत विषयमा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा १४ (१) बमोजिम कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाईने र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८१ को नियम ११ (१) बमोजिम दरवन्दी नभई कर्मचारी नियुक्त गर्न नहुने सो व्यवस्था विपरित नियुक्त हुने व्यक्तिले पाएको तलब तथा अन्य सेवा सुविधा नियुक्ति दिने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने कानुनी व्यवस्था भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ (८) मा तोकिएका पदहरुका साथै संघीय/प्रदेश सरकारबाट बजेट सुनिश्चिता भएका करार कर्मचारी बाहेक मिति २०८२/०३/३२ गतेको गाउँपालिका अध्यक्षज्यू र सम्पुर्ण करार शिक्षक तथा कर्मचारीहरु संग बसेको संयुक्त बैठकको निर्णय नं. २ बमोजिम श्रावण १५ गते सम्ममा प्रदेश सरकार संग अन्य विकल्प खोजिने समझदारी अनुरुप प्रदेश सरकारबाट कुनै पनि बिकल्प नआएकोले आर्थिक वर्ष २०८१/०८२ को असार मसान्तसम्म करार वा ज्यालादारीमा सम्झौता भई कार्यरत कर्मचारीहरुको मिति २०८२/०४/०१ गतेका दिन देखि लागु हुने गरि अर्को व्यवस्था वा आदेश नहुन्जेल सम्मका लागि हाजिर नगर्न/नगराउन हुन सरोकारवाला सबैमा जानकारी गराईन्छ । यसको अवज्ञा गरि कुनै पनि कर्मचारीले हाजिर गरे/गराएमा सम्वन्धित व्यक्ति स्वयम जिम्मेवार हुने व्यहोरा समेत सुचित गरिन्छ ।

बोधार्थ

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कर्णाली प्रदेश सुर्खेत ।
श्री गाउँपालिका अध्यक्षज्यू हिमा गाउँपालिका, जुम्ला ।
श्री गाउँपालिका उपाध्यक्षज्यू हिमा गाउँपालिका, जुम्ला ।
श्री प्रशासन शाखा हिमा गाउँपालिका, जुम्ला ।
श्री स्वास्थ्य शाखा हिमा गाउँपालिका, जुम्ला ।
श्री शिक्षा युवा तथा खेलकुद विकास शाखा हिमा गाउँपालिका, जुम्ला।

११।४।१०

रण बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

रण बहादुर बुढा
प्रमुख प्रशासकिय अधिकृत